# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७

## भजनी नगरपालिका
## कैलाली




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**

**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः२०७६/७७
च.नं. ४७९

मितिः २०७७/३/३०

श्री नगर प्रमुखज्यू,

भजनी नगरपालिका, कैलाली ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।


(चन्द्रकान्त भण्डारी)

नायव महालेखापरीक्षक

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या:२०७६/७७
च.नं. ४८०

मिति: २०७७/३/३०

श्री नगर प्रमुखज्यू,
भजनी नगर कार्यपालिकाको
कार्यालय, कैलाली ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले भजनी नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.५ करोड ७४ लाख ४९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.९८ लाख ५० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.९३ लाख ९ हजार नियमित गर्नुपर्ने रु.४९ लाख ७९ हजार र पेश्की बाँकी रु.३ करोड ३३ लाख ११ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/११/१६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेस हुन नआएकोले प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना २५ (पच्चीस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहीत स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमूख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# भजनी नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५/७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न भजनी नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । भजनी नगरपालिका अन्तर्गत ९ वडा रहेका, ४९ सभा सदस्य, १७६.२५ व.कि.मी. क्षेत्रफल र ५१८४५ जनसंख्या रहेको छ। यो नगरपालिका सुदुरपश्चिम प्रदेशमा अवस्थित छ।

**स्थानीय संचित कोषः–**आर्थिक वर्ष २०७५।७६ को समग्र संचित कोष आयव्यय हिसावको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १२९३८६७४०.७५ | १ | **चालु खर्च** | | ३९७७२७०४६.५ |
| | क) नगद | ० | ० | २ | **पूँजीगत खर्च** | | २५५८०४०८९.०१ |
| | ख) बैंक | १२९३८६७४०.७५ | ० | ३ | **विषयगत निकायबाट प्राप्त रकम खर्च** | ० | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | | ११६२४९६०९.२६ | ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान खर्च** | ० | ० |
| | क) आन्तरिक राजस्व | ४४७५७९०८.८२ | ० | ५ | **वित्तीय व्यवस्था भुक्तानी** | | ० |
| | ख) राजश्व बाँडफाँड | ६६२७८५४४.५२ | ० | | क) ऋण भुक्तानी | | ० |
| | ग) प्रदेश राजस्व बाँडफाँड | ५२१३१५५.९२ | ० | | ख) ब्याज भुक्तानी | | ० |
| | घ) अन्य आय | | ० | | ग) अन्य भुक्तानी | | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | | ४०५१९४८७०.२ | ६ | **लगानी** | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | १४२८००००० | ० | | ऋण लगानी | | ० |
| | ख) सशर्त अनुदान | २६२३९४८७०.२ | ० | | शेयर लगानी | | ० |
| | ग) समपूरक अनुदान अन्य | | ० | | अन्य लगानी | | ० |
| | घ) विशेष अनुदान | | ० | ७ | **धरौटी फिर्ता** | | २७९३३१० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | १२३०४६०० | ८ | **को.ले.नि.का फिर्ता** | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | ५६९१००० | ० | ९ | **कोष खर्च** | | ९७५००६ |
| | ख) सशर्त अनुदान | ६६१३६०० | ० | १० | **मौज्दात** | | ११८४७४३१५.७ |
| | ग) समपूरक अनुदान अन्य | ० | ० | | क) नगद मौज्दात | | ० |
| | घ) विशेष अनुदान | ० | ० | | ख) बैंक मौज्दात | १०८७३३०९६.७० | ० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ० | ० | | ग) धरौटी बाँकी | ३१०५९२२ | ० |
| ६ | **अन्तर सरकारी तहबाट प्राप्त** | ० | ० | | घ) कर्मचारी कल्याण कोष | ४८१८६४८ | ० |
| ७ | **वित्तीय व्यवस्था प्राप्ति** | | ० | | ङ) विपद् व्यवस्थापन कोष | १८१६६४९ | ० |
| | क) ऋण प्राप्ति | | ० | | | | ० |
| | ख) साँवा प्राप्ति | | ० | | | | ० |
| | ग) ब्याज प्राप्ति | | ० | | | | ० |
| | घ) अन्य प्राप्ति | | ० | | | | ० |
| ८ | **विभिन्न कोषतर्फको आय** | | ४६२८००० | | | | ० |
| ९ | **जनसहभागिता (नगद)** | | ० | | | | ० |
| १० | **विषयगत निकायबाट प्राप्त रकम** | | १११९२९८६ | | | | ० |
| ११ | **धरौंटी आय** | | ४८००५६७ | | | | ० |
| १२ | **लगानीको साँवा फिर्ता** | | ० | | | | ० |
| १३ | **अन्य विविध आय** | | ९२०१६३९४ | | | | ० |
| | **जम्मा** | | **७७५७७३७६७.२१** | | **जम्मा** | | **७७५७७३७६७.२१** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपरोक्त आर्थिक कारोवारहरुको पेश भएसम्मको स्रेस्ता र प्राप्त आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मूल्याङ्कन तथा स्वीकृत लेखापरीक्षण योजनाबमोजिम लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि जोखिम विश्लेषण, नमूना छनौट र लिखित प्रतिनिधित्वपत्रको आधारमा लेखापरीक्षण नीति, मानदण्ड, मार्गदर्शन, निर्देशन, एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यासका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निष्कर्षसहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी ब्यवस्थापन पक्षमा रहेको छ । रु.५ लाखभन्दा बढी खर्च भएका योजनाहरुको स्रेस्ता नमूना छनौटको माध्यमबाट लेखापरीक्षण गर्दा देखिएका व्यहोराका सम्बन्धमा कार्यालयका सम्बन्धित पदाधिकारीहरुसँग मस्यौदा प्रतिवेदनउपर मिति २०७६।१०। मा छलफल गरी कायम हुन आएका व्यहोराहरु निम्नानुसार छन्: | |
| | **लेखापरीक्षणको क्रममा रु.२५५०।- असुल गरी दाखिला भएको छ ।** | |
| | स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने, १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ मसान्तभित्र नै पारित गर्नुपर्ने ब्यवस्था अनुसार २०७५ अषाढ १४ मा पेश भएको नीति तथा कार्यक्रम ऐनले तोकेको समयभन्दा १५ दिन ढिला अर्थात मिति २०७५ श्रावण १४ गते परिमार्जनसहित नगरसभाबाट स्वीकृत भएको छ । यसरी नीति तथा कार्यक्रम ढिला पारित हुँदा कार्यान्वयनमा ढिलाई हुने हुँदा नीति तथा कार्यक्रम पेश भएको १५ दिनभित्र छलफल सम्पन्न गरी पारित हुनुपर्दछ । पारित भएको नीति तथा कार्यक्रम अनुसार कुल आय व्यय रु.६१ करोड ६८ लाख २७ हजार रहेको, जसमध्ये चालुतर्फ ८ करोड ७५ लाख ५८ हजार, पूँजीगततर्फ ४० करोड १५ लाख ५० हजार, नगरस्तरिय योजनामा रु.२२ करोड ३ लाख ५७ हजार तथा वडास्तरिय योजनातर्फ रु.६ करोड ७० लाख ५ हजारको अनुमान पेश भएको छ । उक्त बजेट अनुमानमा कार्यक्रमगत विभाजन देहायअनुसार उल्लेख छ ।<br><table><tr><td>सि.नं.</td><td>क्षेत्रगत कार्यक्रम</td><td>कार्यक्रम संख्या</td><td>बजेट (000)</td></tr><tr><td>१.</td><td>पूर्वाधार विकास</td><td>४७</td><td>१३५८९७</td></tr><tr><td>२.</td><td>सामाजिक विकास</td><td>६९</td><td>३६९९६</td></tr><tr><td>३.</td><td>आर्थिक विकास</td><td>४६</td><td>२१७०३</td></tr><tr><td>४.</td><td>वन वातावरण विकास</td><td>२७</td><td>२००५३</td></tr><tr><td>५.</td><td>सार्वजनिक सेवा</td><td>११</td><td>५२५०</td></tr></table>उपर्युक्त ५ वटा क्षेत्रगत कार्यक्रममा २०० वटा योजनामा रु.२१ करोड ९८ लाख ९९ हजारका कार्यक्रम बाँडफाँड गरेकोमा सो को कार्यान्वयन गरी भौतिक प्रगति खुल्ने वार्षिक प्रगति विवरण तयार गरेको देखिएन । कार्यालयले कार्यान्वयनमा ल्याएका योजना तथा कार्यक्रमको वार्षिक प्रगति तयार गरी समिक्षा गर्नुपर्दछ । | |
| | **वित्तीय लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्:** | |
| **१.** | **आयको अनुमानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । नगरपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.११९१००००।- आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु.३५९२९९८१।- अर्थात अनुमान भन्दा २०१.६८ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| **२.** | **खर्च गर्ने अख्तियारीः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमूख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिनभित्र वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था भएपनि बजेट कार्यान्वयनको लागि अख्तियारी प्रदान गर्ने गरेको पाइएन । अतः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम बजेट खर्च गर्ने अख्तियारी प्रदान गरी खर्च गर्नुपर्ने पर्दछ । | |
| ३. | **आन्तरिक आय:**<br>कार्यालयले यो वर्ष रु.३५९२९९८१।- आन्तरिक आय प्राप्त गरेकोमा नगरपालिका अन्तर्गतका ९ वटा वडाको आम्दानीसमेत एकमुष्ट केन्द्रले दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनीक प्राप्ति खाता, आयको मासिक विवरणसमेत बनाउने गरेको देखिएन । नगरपालिकाको आयमा वडागत योगदान यकिन हुन सकेन । अतः आगामी दिनमा प्रत्येक वडाले मासिक आय विवरण तयार गरी नगरपालिकामा पठाउने र नगरपालिकाले वडागत विवरणसमेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ । | |
| ४. | **आयव्ययको लेखा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष एकल खाता कोष प्रणालीबाट सञ्चालन गरी भुक्तानी गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता, बहुक्षेत्रीय पोषण, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको बजेट स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेर खर्च गरेको, चालु र पूँजीगत खर्च शीर्षकको विनियोजन तथा नेपाल सरकारको आय तथा व्यय शीर्षकको शीर्षकगत लेखाङ्कन पालना स्थिति कमजोर रहेको, योजनागत खाता अद्यावधिक हुन नसकेको देखिन्छ । कार्यालयले तोकिएको विनियोजन तथा खर्च प्रणाली अवलम्बन गर्दै आय तथा व्ययको शीर्षकगत हिसाव तयार गर्न विशेष ध्यान दिनुपर्दछ । | |
| ५. | **मध्यकालिन खर्च संरचना :**<br>अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहीत मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा ल्याएको छैन । स्रोतको बितरणमुखी प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लागतलाभ विश्लेषण गरी लागतप्रभावी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ६. | **बजेट सीमा निर्धारण समिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमूख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र नगरपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा नगरपालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायतका क्षेत्रगत बिषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ७. | **नीति तथा कार्यक्रमको कार्यान्वयन स्थिति :**<br>नगरपालिकाले आ.व. २०७५/७६ को वार्षिक नीति तथा कार्यक्रममा देहाय अनुसार प्रस्ताव गरी नगर | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सभाबाट पारित गरी कार्यान्वयन भएका प्राप्त विवरणमा उल्लेख छ । | |

| सि.नं. | विवरण | समेटिएका विषयहरु |
|---|---|---|
| ६. | **पूर्वाधार विकास ( २० वटा)** | |
| | वस्ती विकास, भवन निर्माण | ६ |
| | सिंचाई | ३ |
| | सडक तथा पुल | ४ |
| | खानेपानी | २ |
| | भौतिक योजना | ३ |
| | विद्युत तथा उर्जा | २ |
| ७. | **आर्थिक विकास (३३ वटा)** | |
| | आर्थिक सम्बृद्धि | ५ |
| | कृषि विकास | ७ |
| | पशु विकास | ४ |
| | सहकारी र गरिवी निवारण | ४ |
| | संस्कृति पर्यटन | ४ |
| | उद्योग तथा वाणिज्य | ३ |
| | राजश्व परिचालन | ६ |
| ८. | **सामाजिक विकास (३१)** | |
| | शिक्षा विकास | १० |
| | खेलकुद विकास | ३ |
| | स्वास्थ्य विकास | ८ |
| | लैङ्गिक समानता, सामाजिक समावेशिकरण | ७ |
| | श्रम तथा रोजगार | ३ |
| ९. | **वातावरण तथा विपद् व्यवस्थापन (१३ वटा)** | |
| | जलबायु परिवर्तन | २ |
| | वातावरण संरक्षण | ३ |
| | वन तथा भु संरक्षण, जैविक विविधता | ५ |
| | भु उपयोग | ३ |
| १०. | **सार्वजनिक सेवा, क्षमता विकास (१२ वटा)** | |
| | संगठन संरचना | ५ |
| | सुशासन | ७ |
| ११. | सक्षम न्याय प्रणाली, कानूनी नीति | ६ |

उपरोक्त अनुसार नगर सभाबाट पारित नीति तथा कार्यक्रममा उल्लेख भएका तपसिलका व्यवस्था कार्यान्वयनमा आउन सकेको देखिएन:

- स्वास्थ्य बीमा, कृषि बीमा लागु गर्ने,
- भ्रष्ट्राचार विरुद्ध शून्य सहनशिलता,
- फोहोरमैलालाइ **3 R** अभियान,
- वैज्ञानिक शिक्षा अवलम्बनका लागि नगर शिक्षा अभियान,

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • विद्युत सवस्टेशन निर्माण,<br>• नगर चक्रपथ निर्माण,<br>• नमूना गाउँ अभियान | |
| ८. | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ९. | **बजेट अबण्डा** :<br>स्थानीय तहले बार्षिक कार्यक्रम स्वीकृत गरी कार्यक्रमगत बजेट व्यवस्था गर्नुपर्नेमा नगरपालिकाले रु.८०६०००।- बराबरका कार्यक्रम बजेट अबण्डा राखेको देखियो । योजना स्वीकृत नगरी बजेट व्यवस्था गर्न नमिल्ने, त्यसको लागी अबण्डामा बजेट राख्नु उपयुक्त देखिएन । यसले गर्दा कार्यक्रमको कार्यान्वयन सुनिश्चितता नहुने, रकमान्तर गरी अन्यत्र बजेट सार्ने अवस्था सृजना हुने देखिएकोले यस्तो कार्य नियन्त्रण हुनुपर्दछ । | |
| १०. | **चौमासिक खर्च:**<br>नगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.४५५०८८ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.६८९३० हजार अर्थात १५.१५ प्रतिशत, दोश्रो चौमासिकमा रु.९२८३१ हजार, अर्थात २०.४० प्रतिशत र तेश्रो चौमासिकमा रु.२९३३१५ हजार, अर्थात ६४.४५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.२३६९५९ हजार अर्थात ५२.०६ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| ११. | **सशर्त अनुदान-**<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्रअनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु लगायतबाट प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकामा अनुदानको रकम खर्च भई बाँकी रहेको रु.१६३४८०९१।९२ संघीय संचित कोषमा दाखिला भएको छ । | |
| १२. | **राजश्व अभिलेख :**<br>लेखापरीक्षणको क्रममा नगरपालिकाले राजस्व आम्दानीको निर्णय, असुली तथा दाखिलासम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको देखिएन । यसबाट नगरपालिकाको वास्तविक राजस्व असुली र दाखिला यकिन हुन सकेन । नगरपालिकाले यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| १३. | **व्यवसाय कर :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउन सक्ने व्यवस्था रहेको छ । नगरपालिकाको आर्थिक ऐन, २०७५ ले अनुसूची ४ अनुसार व्यवसाय कर लगाई असुल गर्ने उल्लेख छ । यस नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत राखी उक्त लगत अद्यावधिक गरी लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाइएन । नगरपालिका क्षेत्रभित्रका व्यवसायलाई व्यवसायीको अभिलेख राखी करको दायराभित्र | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ल्याउनुपर्दछ । | |
| १४. | **विभाज्य कोष :** प्रदेश नं.७ को अर्थ प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक बमोजिम स्थानीय तहले उठाउने प्राकृतिक स्रोतलगायतका दस्तुर सम्वन्धीत स्थानीय तह र प्रदेश सरकारलाई ६० : ४० को अनुपातमा वाडफाड गनुपर्ने व्यवस्था छ । कार्यलयले यस वर्ष प्राकृतिक स्रोत तथा अन्य दस्तुरको रुपमा रु १७११०२३। प्राप्त गरेकोमा ४०% अर्थात रु ६८४४०९। प्रदेश कोषमा पठाउनु पर्दछ । कार्यालयले उक्त रकम हाल सम्म पनि प्रदेश कोष पठाएको देखिएन । विभाज्य कोषको बाँडफाँड प्रदेश कोषमा दाखिला गर्नुपर्ने देखिएको रु | ६८४४०९ |
| | **नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छनः** | |
| १५. | **तलबी प्रतिबेदन :**<br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले कर्मचारीको तलबी प्रतिवेदन पारित गरी  तलब खर्च लेखेको छ ।  तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| १६. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको नगरपालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धीस्रोत नक्साङ्कन वा नगर प्रोफाइल तयार गरेको  छ । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा  पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १७. | **कर्मचारी ब्यवस्था :**<br>निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपूर्ति ब्यवस्थापन गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकामा रहने कर्मचारी दरवन्दी ६६ रहेता पनि पदपूर्ति ३४ रहेको देखियो ।  नवौ दशौं तहका अधिकृतसहित ३२ पद रिक्त रहेका छन् । तिमध्ये इन्जिनियर छैटौंसमेत गरी दरवन्दि बाहिर तथा भित्रका ४६ जना करार तथा ज्यालादारीमा राखी कार्यसञ्चालन गरिएको छ । जनशक्तिको अभावमा नगरपालिकाको कार्यसम्पादन र सेवाप्रबाहमा समेत असर परेकाले दरबन्दी अनुसार पदपूर्ति गरिनुपर्दछ । | |
| १८. | **आन्तरिक नियन्त्रण प्रणाली** :<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्बन्धी अन्य व्यहोराहरु तपसिल अनुसार रहेका छन् ।<br>● सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन ।<br>● जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार विभिन्न मालसामान मर्मत गर्नुपर्नेमा गरेको छैन ।<br>● मूल्य खुल्न नसकेका सामानहरुको मुल्य खुलाई राख्नुपर्नेमा केहि सामानहरुको मूल्य खुलाएको छैन ।<br>● मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समय मै नदिएको<br>● स्वीकृत कार्यक्रम अनुसार चौमासिक खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये अधिकांश रकम तेश्रो चौमासिकमा खर्च गरेको, | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,<br>• वार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्याङ्कन प्रतिवेदन दिने नगरेको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानिय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै तोकी सक्नु पर्नेमा दररेट तोकेको छैन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले "भुक्तानी भएको" जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार गरेको छैन ।<br>• कार्यलयले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको लागि मौजुदा सूची तयार गरिएको पाइएन ।<br>• यस नगरपालिकाले ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिजेन्सि खाता राखेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको छैन ।<br>• विभिन्न योजनाहरुको लागि निर्माण सामाग्री ढुवानी गर्दा ढुवानीको कर बिजक जारी गर्नु पर्नेमा नगरी भर्पाइ मात्र संलग्न गरेको पाइयो ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु.१० लाख भन्दा बढिको निर्माण कार्य गराउँदा विमा गराउनु पर्नेमा कुनै पनि ठेक्कामा विमा गराएको छैन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको छैन ।<br>• सार्वजनिक निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति उल्लेख गरेको छैन ।<br>• वार्षिक कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमका प्रत्येक कियाकलापहरुमा अनुगमन तथा मुल्याङकनको लागि एकमुस्ट राखी भ्रमण खर्च नियमावली अनुसार खर्च गर्नु पर्नेमा योजनागत कन्टिन्जेन्सी काटेर खर्च गर्ने गरेको,<br>• खर्च संकेत वर्गिकरण र व्याख्या अनुसार वार्षिक कार्यक्रम तयार गरेर लेखांकन गर्नुपर्नेमा उक्त कार्य नगरेको,<br>• कन्टिन्जेन्सी खर्चको अभिलेख रजिष्टर नराखेको,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण बनाई लागु नगरेको,<br>• कार्यक्रमगत खाता नराखेको कारण कार्यक्रमगत प्रगति यकिन गर्न नसकिएको | |
| १९. | **रसिद नियन्त्रण प्रणाली :**<br>कार्यालयले रसिद हानी नोक्सानी एवं दुरुपयोग नहोस भन्नका लागि रसिद नियन्त्रण खाता राख्नुपर्नेमा सो खाता राखेको देखिएन । जसले गर्दा गतवर्षको रसिद मौज्दात, यस वर्ष छपाई गरेको रसिद संख्या, यस वर्षको रसिद प्रयोग स्थिति तथा रसिदको बाँकी रहेको मौज्दातसमेत यकिन हुन सकेन । कार्यालयले रसिद नियन्त्रण खाता राखी सो खातामा आम्दानी र खर्च विवरण व्यवस्थित रुपमा राख्नुपर्ने देखिन्छ । कतिपय वडाले आफैँले छापेरसमेत आय रसिदको प्रयोग गरेको पाइयो । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण र व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखिन्छ । | |
| २०. | **बार्षिक खरिद योजना/ गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस नगरपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. २५५८०४०८९.०१ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर नगरपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः नगरपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| २१. | **सवारी साधन खरिदको विवरण** : नगरपालिकामा भएका सवारी साधन सम्बन्धी विवरण देहायबमोजिम छ: | |

| क्र. सं | सवारी साधन | खरिद संख्या | मूल्य | प्रयोग गर्ने पदाधिकारी संस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | ब्याक हो लोडर | १ | ४१३१००० | | |
| २ | सुमो गोल्ड जीप | १ | ३०४८६७२.५७ | पदाधिकारी | |
| ३ | टिपर | १ | २६४५००० | | |
| ४ | मोटरसाइकल | १५ | २१८७९०७ | | |
| ५ | मोटरसाइकल | २ | ३४३२७४ | | ०७५/०७६ मा खरिद |

**२२. सेवाप्रवाहको स्थिति :**

नगरपालिकाले नियमानुसार जनतालाई सेवा सुविधा दिनुपर्दछ । यस वर्ष नगरपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| १ | स्वीकृत घर नक्सादर्ता पास (पुरानो ८ तथा नयाँ ०) | ८ |
| २ | अस्थायी इजाजत प्रदान Lower Tie Bim Level | - |
| ३ | स्थायी इजाजत प्रदान DPC Level 2074/75 | - |
| ४ | निर्माण सम्पन्न सिफारिस (पुरानो तथा नयाँ) | - |
| ५ | निर्माण सम्पन्न हुन बाँकी | - |
| ६ | नक्सा पास नभएका पुराना घरहरुको अभिलेखीकरण | - |
| | **पञ्जिकरण तर्फ** | |
| ७ | जन्मदर्ता | २९८९ |
| ८ | मृत्यू दर्ता | |
| ९ | बसाईसराई दर्ता | |
| १० | बिबाहदर्ता, सम्बन्ध विच्छेद दर्ता | |
| | **अन्य सिफारिस** | |
| ११ | घरबाटो सिफारिस | ३९५ |
| १२ | नागरिकता सिफारिस | १९९६ |
| १३ | नाता प्रमाणित | ३२६ |
| १४ | अन्य | ८१९२ |
| | **पूर्वाधार विकास सडक निर्माण** | |
| १५ | कालोपत्रे सडक निर्माण | नखुल्ने |
| १६ | कालोपत्रे सडक मर्मत | " |
| १७ | ग्राभेल सडक निर्माण | " |
| १८ | ग्राभेल सडक मर्मत | " |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार नगरपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा आएको देखिएन । सिफारिस लगायतका अत्यावश्यक सेवा समेत दिन नसेकेको नगरपालिको सेवाप्रवाहको स्थितिमा सुधार हुनु पर्दछ ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २३. | **कानून निर्माण र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस वर्ष नगरपालिकाले तर्जुमा गरेका निम्न कानूनहरु राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन् : | |

| सि.नं. | कानूनको नाम |
|---|---|
| १. | आर्थिक ऐन,२०७५ |
| २. | विनियोजन ऐन, २०७५ |
| ३. | नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ |
| ४. | भजनी नगरपालिकाको सहकारी ऐन, २०७४ |
| ५. | भजनी नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ |
| ६. | न्यायिक समिति (कार्यविधि) ऐन, २०७४ |
| ७. | भजनी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७४ |
| ८. | नगर कार्यपालिकाको बैठक सञ्चालन तथा व्यवस्थापन (कार्यविधि) नियमावली, २०७४ |
| ९. | नगरपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४ |
| १०. | नगर सभा सञ्चालन तथा व्यवस्थापन ( कार्यविधि) नियमावली, २०७४ |
| ११. | स्थानीय राजपत्र प्रकाशन कार्यविधि, २०७५ |
| १२. | नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ |
| १३. | नगर कार्यपालिकाको(कार्यविभाजन) नियमावली, २०७४ |
| १४. | नगर कार्यपालिकाको (कार्य सम्पादन) नियमावली, २०७४ |
| १५. | भजनी नगरपालिका विद्यालय शिक्षा व्यवस्थापन कार्यविधि,२०७४ |
| १६. | भजनी नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यीविधि, २०७५ |
| १७. | भजनी नगरपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ |
| १८. | स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ |
| १९. | अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र वितरण कार्यविधि, २०७५ |
| २०. | आधारभूत तह परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७६ |
| २१. | आर्थिक सहायता सम्बन्धी मापदण्ड, २०७६ |
| २२. | एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७६ |
| २३. | लैङ्गिक हिंसा कोष कार्यविधि, २०७६ |
| २४. | आपतकालीन बाल उद्दार कोष सञ्चालन कार्यविधि, २०७६ |
| २५. | छात्रवृत्ति कोष सञ्चालन कार्यविधि, २०७६ |
| २६. | बैठक भत्ता तथा भ्रमण खर्चसम्बन्धी कार्यविधि, २०७६ |
| २७. | घ वर्गको निर्माण व्यवसायी इजाजतपत्रसम्बन्धी कार्यविधि, २०७६ |
| २८. | आर्थिक सहायतासम्बन्धी मापदण्ड कार्यविधि, २०७६ |
| २९. | स्थानीय तहको सरकारबाट गरिने बजार अनुगमन निर्देशिका, २०७६ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २४. | **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने र उक्त कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबर हुन आउने रकम थप गरी जम्मा गनुर्पर्ने व्यवस्था छ । कल्याणकोषको गत वर्षको मौज्दात रु २८१८६४८। र यो वर्ष एकमुष्ठ रु.२० लाख रकम जम्मा गरी | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>कल्याणकोष मौज्दात रु ४८१८६४८। रहेको देखिन्छ। ऐनमा भएको व्यवस्था पालना गरी कर्मचारीहरुको कोष कट्टी रकम जम्मा गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>२५.</td><td>विपद व्यवस्थापन कोषः : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७० को व्यवस्था वमोजिम नगरपालिकाले आकस्मिक कोषको रुपमा नगर स्तरीय विपद व्यवस्थापन कोष स्थापना गरेको छ। विपद व्यवस्थापन कोषको गत वर्षको मौज्दात रु १६३६५५ र यो वर्षको आय रु २६५३०००। प्राप्त गरेको छ। सो कोषबाट नगरपालिकाको निर्णय वमोजिम रु १०००००६। विपद् पिडितहरुलाई वितरण गरी वर्षान्तमा कोष मौज्दात रु १८१६६४९। रहेको देखिन्छ।</td><td></td></tr>
<tr><td>२६.</td><td>न्यायिक समिति :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको व्यवस्था रहेको छ। नगरपालिकाले ३ सदस्य रहेको न्यायिक समिति गठन गरेको छ। न्यायिक समितिसमक्ष आ.व.०७५/७६ मा ९१ वटा मुद्दाका फिराद दर्ता हुन आएकोमा समितिले ७८ वटा मुद्दा फछ्र्यौट गरी १५ वटा मुद्दा विचाराधीन अवस्थामा रहेको देखिन्छ। समितिले नगरपालिकाको वडागत रुपमा परेका विवाद दर्ता अभिलेख रहेको देखिएन। सूक्ष्म ढंगबाट विवादको विषयवस्तुको विश्लेषण गरी विवाद न्यूनीकरणलाई सहयोग पुऱ्याउने सम्बन्धी कार्यक्रमको सञ्चालन गर्नुपर्ने, त्यसैगरी नगरपालिकाले न्यायिक समितिको क्रियाशीलता र प्रभावकारिता बढाउनुपर्ने हुँदा न्यायिक समितिलाई विवाद समाधानमा जिम्मेवार र जवाफदेही तुल्याई सर्वसाधारणलाई कम खर्चिलो, सरल र छरितो न्याय प्रदान गर्न नगरपालिकाले विशेष ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>२७.</td><td>स्थानीय तहका पदाधिकारी सुविधा :<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ जारी गरेको छ। उक्त ऐनमा भएको व्यवस्थाअनुसार नगरपालिकाबाट देहायबमोजिम रु. ६२१७२०० /- सुविधा वापत भुक्तानी भएको छ।
<table>
<tr><th>सि. नं</th><th>विवरण</th><th>प्रमुख/अध्यक्ष</th><th>उपप्रमुख</th><th>वडा अध्यक्ष ९ जना</th><th>कार्यपालिका सदस्य ८ जना</th><th>सभाका सदस्य ३० जना</th><th>जम्मा</th></tr>
<tr><td>१.</td><td>मासिक सुविधा</td><td>३५०००</td><td>३००००</td><td>२२०००</td><td>९०००</td><td>६०००</td><td>६१८००००</td></tr>
<tr><td>२.</td><td>सञ्चार सुविधा (मासिक दरमा)</td><td>१६००</td><td>१५००</td><td></td><td></td><td></td><td>३७२००</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>६२१७२००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२८.</td><td>पदाधिकारी अन्य सुविधाः<br>सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधाको सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ। नगरपालिकाले ऐनले तोकेको सुबिधावाहेक अनुगमन भत्ता रु.११०६०००।- सुविधा खर्च लेखेको देखियो। यसरी ऐनमा व्यवस्था नभई लिएको उक्त रकम नियम संगत नदेखिएको रु.</td><td>११०६०००</td></tr>
<tr><td>२९.</td><td>आर्थिक सहायताः<br>नगरपालिकाले वडागत सिफारिसका आधारमा रु.४०४०००।- नगद बाँडेको देखियो। नगर कार्यपालिकाको नीतिगत निर्णय बिना नै वडागत सिफारिस मात्रको आधारमा बाँडिएको उक्त रकम भैपरि आउने सहायता खर्च कै रुपमा निजहरुलाई दिएको पाइयो। यस्तो सहायता खर्च दिने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था नभएको देखिँदा खर्च रकम</td><td>४०४०००</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | अनियमित देखिएको रु | |
| | **कार्यक्रम तथा योजनागत खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्:** | |
| ३०. | **योजना र कार्यान्वयनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलप्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। सो अनुसार दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको पाईएन। योजना तयारी सम्बन्धी उक्त व्यवस्थाको पालना गरिनु पर्दछ। | |
| ३१. | **लक्ष्य प्रगतिको स्थितिः**<br>नगरपालिकाले सञ्चालन गरेका कार्यक्रमको चौमासिक प्रगति विवरण पेश गर्नुपर्नेमा नगरपालिकाले प्रगति विवरण तयार गरेको देखिएन। नगरपालिकाबाट सञ्चालित स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरका सबै आयोजनाको निर्धारित ढाँचामा प्रगति विवरण तयार गर्नुपर्नेमा प्रगति विवरण पेश भएन। नियमानुसार कार्यक्रमगत खर्च तथा प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ। | |
| ३२. | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ। | |
| ३३. | **सभाको निर्णय कार्यान्वयन-**<br>मिति २०७५।३। मा सम्पन्न नगरपालिकाबाट पारित विभिन्न क्षेत्रगत ६ वटा कार्यक्रम तथा अन्तर्गतका ३०२ वटा सहायक कार्यक्रमसमेतको कार्यान्वयनको स्थितिसहितको सभाको निर्णय र प्रतिवेदन माग गरिएकोमा उपलब्ध हुन सकेन। अत सभाको निर्णय कार्यान्वयन स्थिति प्रतिवेदन तयार गरी वर्षान्तमा समिक्षा गर्नुपर्दछ। | |
| ३४. | **उपभोक्ता समिति छनौट -**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समूदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ। तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौताबाहेक सम्झौतापूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन। यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन। यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ। | |
| ३५. | **खर्च अनुमोदन–**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका र बिल भुक्तानीको लागि प्राविधिक मूल्याङ्कन पेश गर्ने गरेको भएता पनि अन्य बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिको पूर्ण बैठकबाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । कार्यालयले समेत अनुगमन समितिको खाली प्रतिवेदनमा हस्ताक्षर गरेको आधारमा खर्चको सुनिश्चितता यकिन गरी भुक्तानीको लागि पेश गर्ने गरेको अवस्था देखिन्छ । नियमको प्रावधानबमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी एवं यथार्थपरक बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ३६. | **योजना हस्तान्तरणः**<br>निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्नेमा कार्यालयबाट सञ्चालित बार्षिक विनियोजन भएका योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका सम्झौता अनुसारको कार्यको मात्र कार्य सम्पन्न प्रतिवेदन बनाई बार्षिक कार्यक्रम अनुसारको योजना सम्पन्न भएको यकिन गर्ने प्राविधिकहरुको प्रबृत्तिका कारण योजना पूर्ण रुपमा सम्पन्न हुने स्थिति नरहेको देखियो । योजनाहरु सम्पन्न भैसकेपश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनैपनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेतको हस्तान्तरण गर्ने गरेको छैन । समयमा नै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समिति मै रहने गरी हस्तान्तरण गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |
| ३७. | **सार्वजनिक तथा सामाजिक परीक्षणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाबाट बार्षिक सम्पन्न योजनाहरु कार्यालयको सेवाप्रबाह सम्बन्धमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण भए गरेको पाईएन । ऐनले तोकेअनुसार कार्यान्वयन भएका योजनागत विकास निर्माणका कार्यको सार्वजनिक एवं सामाजिक परीक्षण गर्ने व्यवस्था सुरु गर्नुपर्ने देखिन्छ । | |
| ३८. | **गुणस्तर परीक्षणः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका यन्त्र उपकरण, ल्यापटप लगायत सवारी साधनको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः खरिद भएको निर्माण सामाग्री लगायतका यन्त्र औजार लगायतका सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ । | |
| ३९. | **कन्टिन्जेन्सी खर्चको अभिलेख–**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । यसले गर्दा पूँजीगत एवं चालु खर्चमा कन्टिन्जेन्सी खर्चको अवस्था यकिन गर्न सकिएन । कार्यालयले कन्टिन्जेन्सी खर्चको कार्यक्रमगत आम्दानी खर्चको अभिलेख राखि कन्टिन्जेसी रकमको तोकिएको क्षेत्रमा उपयोग तथा नियन्त्रणको व्यवस्था गरिनुपर्दछ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **राष्ट्रिति चुरे तराई मधेस कार्यक्रम तर्फ** | |
| ४०. | राजकुमार थापाको घर देखि दुरसंञ्चार सम्मको सडक ७५० मिटर नाला निर्माण कार्यको उपभोक्ता समितीसँग भएको सम्झौता अनुसार गत वर्ष प्रथम रनिङ विलबाट रु ४७०२६६६७ समेत हालसम्म रु ७८८७००० भुक्तानी भएकोमा कार्यसम्पन्न प्रतिवेदन अनुसार कूल सम्पन्न stone massanary work को कार्य ६७९.९२ घ.मि. को प्रति रु ८३६९.९० का दरले कूल रकमको रु ५६९०८६२.४० भुक्तानी भएकोमा अघिल्लो रनिङ विलबाट भएको २९७ घ.मि. को रु २४८५८४८। कट्टी गरेर वांकी हुन आउने रकम मात्र भुक्तानी दिनुपर्नेमा सो कट्टी नगरी पुरै रकम खर्च लेखेको देखिएकोले दोहोरो भुक्तानी भएको उक्त items को भुक्तानी रु २४८५८४८। असुल हुनुपर्ने रु | २४८५८४८ |
| ४१. | **उपभोक्ता समितीलाई भेरिएसनः** करम बहादुर चौधरीको घरनजीक कान्द्रा नदीमा तटवन्ध नि.उ.स.लाई लाई भुक्तानी गर्दा ल.ई. मा नभएको Soil filling work by transport कार्यमा उपभोक्ता समितीलाई भेरिएशन थप दिएको छ । सार्वजनिक खरिद नियमावली २०६४ अनुसार उपभोक्ता समितीको काममा भेरिएशन स्वीकृत गर्न नपाइने व्यवस्था विपरीत Soil filling work by transport मा ९६० $m^3$ क्वान्टीटीको रु २८२।४४ का दरले खर्च लेखेको रु.२७११४२।४० असुल हुनुपर्ने रु. | २७११४२.४ |
| ४२. | नगर क्षेत्रका ग्रामिण ग्राभेल सडकहरु वाढीका कारण क्षतिग्रस्त भएका भनि वडा न ३ अर्न्तगतका वडा स्तरीय योजना बाट खर्च लेख्ने गरी कार्यक्रम स्वीकृत भएकोमा विभिन्न सडक मर्मत भनि रु ११०००००। खर्च लेखेको छ । उक्त वजेटबाट भजनी ३ अर्न्तगतका कुन कुन सडकहरु क्षतिग्रस्त भएका , के कति मर्मत गर्नुपर्ने , कुन कुन स्थानमा मर्मत गर्नुपर्ने सो को मापन मूल्यांकन गरी सो आधारमा वास्तवीक मर्मत गर्नुपर्ने कार्य परिमाणको लगत स्टीमेट स्वीकृत गरी निर्माणको कार्य सम्पन्न भए अनुरुप नापी कितावमा वास्तविक मापनका आधारमा खर्च भुक्तानी हुनु पर्नेमा chanage समेत नखुलाई ,योजनाको नाम समेत उल्लेख नगरेको loose sheet का आधारमा भुक्तानी भएको मर्मत खर्च अनियमीत देखिएको रु | ११००००० |
| ४३. | **वढी भुक्तानीः** पडरिया पिपलचोक देखि हुलाकी जोड्ने सडक नाला निर्माण उपभोक्ता समिती संगको सम्झौता अनुसार नगरपालिकाको तर्फ बाट भुक्तानी हुने रु ८४६३२५०। तथा जनश्रमदान रु १०६०१२२। रहने गरी लगानी संरचना तयार भै निर्माण कार्य संञ्चालन भएकोमा उपभोक्ता समितीको प्रथम, दितीय र अन्तिम रनिङ विलबाट क्रमश रु ४९५८५४४। , २०२१७८८। ,तथा अन्तिम विलबाट रु १७४४६६८ समेत ८७२५०००। भुक्तानी भएको तर कार्यसम्पन्न प्रतिवेदनमा रु ८४६३२५०। मात्र मापन भएको देखियो । अतः नगरपालिकाले सम्झौता गरे भन्दा वढी भुक्तानी भएको रकम रु २६१७५० असुल हुनुपर्ने रु | २६१७५० |
| ४४. | **प्रमाण पेश हुनुपर्नेः** लौकाह भौकाह ताल प्रवर्धन एवं माघि मिसन ३ दिवसीय कार्यक्रमको खर्च भनि विल वेगर खर्च लेखेकोले कार्यक्रमको स्वीकृत ल ई अनुसारका खर्चका सक्कल विल भरपाई सम्पन्न कार्यक्रमको प्रगती समेतको प्रमाण पेश हुनुपर्ने रु | ३००००० |
| ४५. | **वढी भुक्तानीः** पडरिया पिपलचोक देखि हुलाकी जोड्ने सडक सम्म कालोपत्रे कार्यको लागि निर्माण व्यवसायी श्री जय गौरी कष्ट्रक्सन प्रा लि लाई अन्तिम विल रु १४७६५८६। भुक्तानी गर्दा gravel sub base grading items को कार्य नापि कितावमा ६३३.२७ मिटर स्क्वाएर मूल्यांकन भएकोमा ठेकेदारले विल रकम मा ७८६.९७ मिटर स्क्वाएर खर्च लेखेको देखियो । नापी कितावमा भन्दा अन्तिम विलमा उल्लेखित वढी परिमाण १५३.६८ मिटर स्क्वाएर प्रति मिटर स्क्वाएर रु २५०० कवोल दर अनुसार रु ३८४२००। वढी भुक्तानी भएको देखिएकोले वढी खर्च लेखेको रकम असुल हुनुपर्ने रु | ३८४२०० |
| ४६. | **असुल हुनुपर्नेः** पडियारी पिपलचोक -हुलाकी सडक जोड्ने सडकको नाला निर्माण उपभोक्ता समिती सँग करिव ७५० मिटर नाला निर्माणको गत वर्ष समेत हाल दोस्रो रनिङ विल बाट रु ११९३८८८०। भुक्तानी भएको छ । उक्त भुक्तानीमा Line items stone massonary work(1:4) / रनिङ विलमा मापन परिमाण ७२० क्यु मी को प्रति क्यु मी ८३७० ले हुन आउने रु ६०२६४००। खर्च लेखेकोमा | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सम्वन्धित योजनाको नापी किताबमा ३६०.१३ क्यु मी मात्र मापन मूल्यांकन भएको देखिएकोले नापी किताबमा मूल्यांकन भएको भन्दा ३५९.८६४ क्यू मी वढी विलिङ भएको प्रति क्यु मी रु ८३७०। का दरले हुन आउने रु ३०१२०६१.६८ असुल हुनुपर्ने रु | ३०१२०६१.६८ |
| ४७. | **अनुदानः** सृजनशिल महिला वाखा पालन समिती भजनी -४,५ को पेश्की रकम रु ४२००००। पेश्की फछ्यौंट गर्दा वाखा खोर निर्माण प्रति खोर ५००० दरले २० जना लाई रु १०००००। वाखा खरिद ४० वटा औसत २३ के जी प्रति के जी रु ३०० दरले ३२००००। वोका २ को औषत ४० के जी प्रति के जी ५०० दरले रु ४०००० भुक्तानी भएकोमा वाखा बुझेको भरपाई २० जनाको प्रति गोटाका दरले २० वटा मात्र देखिएको २ जनालाई १।१ वोका वुझाएको प्रमाण मात्र संलग्न भएकोले प्रकाश आचार्य वाखा फार्म चौमाला वाट २०७५।१२।१० का ३ विलबाट समेत २० गोटा मात्र वाखा विकि भएको देखिएकोले प्रति वाखा ८०००। का दरले २० गोटाको रु १६००००। असुल हुनुपर्ने रु | १६०००० |
| ४८. | **खर्च लेख्ने आधारः** स्वास्थ्य संस्थामा कार्यरत भजनी प्राथमीक स्वास्थ्य केन्द्रका २ जना डाक्टरलाई प्रति नाईट ११४२।६६, अ हे व ३ जनालाई प्रति नाइट ७८४ दरले असोज देखि पौष सम्म रु ५४२४४६। माघ देखि चैत्र सम्म रु २२७७७१। गरी जम्मा रु ७७०२१७ खर्च लेखेको छ । प्राथमिक स्वास्थ्य केन्द्रमा भनाए भई विरामी अस्पतालमा राख्नु नपर्ने स्थितिमा नाइट ड्युटीको भत्ता खर्च लेख्ने आधार देखिएन । स्वास्थ्य व्यवस्थापन समितिको निर्णयबाट करारनामा पत्रमा उल्लेखित उक्त भत्ता भुक्तानी भएको कार्यालयको भनाई छ । अतः विरामी भर्ना गरी सेवा गर्नु नपर्ने स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई नाइट ड्युटी भत्ता खर्च लेख्ने आधार पेश नभएको रु | ७७०२१७ |
| ४९. | **परामर्श सेवा खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ ख (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरि टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२(१) मा विस लाख रुपैयाभन्दा कम रकमको परामर्श सेवा मौजुदा सूचीमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिने र गुणस्तर र लागत विधि अनुसार प्रस्ताव मुल्याङ्कन गरी परामर्शदाता छनौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न परामर्श सेवावापत रु. **२४९९६४८**।- भुक्तानी गरेको छ । परामर्शदाताले तयार गरेको सर्वे डिजाइन र लागत अनुमानको प्रतिवेदन तोकिएको गुणस्तरको भए नभएको सम्बन्धमा परीक्षण तथा मूल्याङ्कन गरेको देखिएन । यसरी तयार गरेका प्रतिवेदनलाई नगर सभाबाट अनुमोदन गराई कार्यान्वयनमा ल्याउनुपर्दछ | |

| गो भौ. नं. । मिती | संस्था | कार्यक्रम विवरण | भुक्तानी रकम रु |
|---|---|---|---|
| १७२/२०७५/१२/४ | शान इन्जिनीयरीङ कन्सल्टेन्सी | नगर पार्श्व चित्र निर्माण | ५९५६२३ |
| १७१/२०७५/१२/४ | ई एफ आई नेपाल प्रा ली | नगर यातायात गुरुयोजना | ४१५२७५ |
| ८३/२०७५/१०/८ | सिस्मोटेक ई कन्सल्टेन्सी प्रा लि | वडा न ९ वडा कार्यालय भवनको डि पि आर | ४९३८१० |
| ८४/२०७५/१०/८ | भिजनरी डिजाईन प्रा लि | चर्या शहरी स्वास्थ्य भवनको डि पि आर तयारी | ४९४९४० |
| १४९/२०७५/११/२८ | अग्रिम इन्जिनीयरिङ कन्सल्टेन्सी | कान्द्रा नदिमा विभिन्न ४ स्थानमा तटवन्ध डिजाईन तथा डाइभर्सन निर्माणको डि पि आर तयारी | ५००००० |
| जम्मा | | | २४९९६४८ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५०. | **न्यून बजेट योजनाः** स्थानीय निकायहरुले समानीकरण तथा सशर्त अनुदानतर्फको कार्यक्रम तथा बजेट विनियोजन गर्दा रु.५ लाखभन्दा कम लागत अनुमानका योजनाहरु स्वीकृत गर्न नहुनेमा यस वर्ष उक्त उल्लेखित सीमाभन्दा कम (३०००० देखि ५ लाख सम्म) १३५ भन्दा वढी ( पछि रकमान्तरबाट समेत थप भएका) योजनामा रु.२ करोड ७० लाखभन्दा बढी कार्यक्रमको बजेट सीमा सुनिश्चित गरेरमात्र कार्यक्रम स्वीकृत गर्नेतर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ । | |
| ५१. | **उपभोक्ता समितिले सम्झौता अनुसार कार्यान्वयन जिम्मा लिएको निर्माणको काम निर्माण व्यवसायी** | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

**मार्फत गराएको :**

**क**).उपभोक्ता समितिलाई निर्माण कार्यको बढीमा रु.१ करोडसम्मको लागत अनुमानको कार्य उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउन सकिने व्यवस्था छ । यसरी उपभोक्ताले सम्झौता गरी लिएको योजना पुनः तेस्रो पक्षलाई करार गराई दिन नमिल्ने उल्लेख भएकोमा कार्यालयसँग सम्झौता गरेका अधिकांश ग्रामिण सडकहरु, कल्भर्ट निर्माण, सिंचाईका योजनाहरु उपभोक्ताले ठेकेदारसँग पुनः सम्झौता गरी ग्रामिण सडकमा एक्साभेटर, ट्याक्टरबाट खन्ने तथा ढुवानी गरी लगाएर खनी ठेकेदारको बिल संलग्न गरी भुक्तानीको लागि पेश गर्ने गरेको देखियो । प्राविधिकहरुले लागत अनुमान तयार गर्दा जनश्रमदानको Component अनुसारको कम यकिन गरी कुल लागत अनुमान तयार नगर्ने, सम्झौताअनुसारको भुक्तानी बिल तयार गर्दासमेत उपभोक्ताको सम्झौतामा कबोल अंकको जनश्रमदानको Component अनुसारको कामको मूल्याङ्कन बिल तयार नगरेकाले कार्य सम्पन्न प्रतिवेदनमा एकमुष्ट कुल मूल्याङ्कन रकमबाट भुक्तानी हुने अंश कट्टा गरी बाँकी बचत रकम उपभोक्ताको जनश्रमदान भनि बिलको अन्तिम हरफमा उल्लेख गर्नाले उपभोक्ताको यथार्थ जनश्रमदानको यकिन हुन सक्ने अवस्था देखिएन । उपभोक्तासँग गरेका सम्झौतामा न्यूनतम २० प्रतिशत श्रमदान अनिवार्य गरेकोमा उपभोक्ताले ठेकेदारलाई सडक निर्माणको कार्य सवलेटमा दिएकाले श्रमदानको अंश समावेश हुन सक्ने अवस्था देखिएन ।

**ख**) सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(९)(१०) बमोजिम उपभोक्ताबाट सम्पन्न गर्ने गरी सम्झौता भएका निर्माण कार्यमा डोजर,लोडर एक्साभेटर जस्ता हेभी मेशीनहरुको प्रयोग गर्न नमिल्ने तर लागत अनुमान तयार गर्दा नै उक्त मेशीन प्रयोग गर्नुपर्ने प्रकृतिको काम उल्लेख भएका मेशीनको प्रयोग गर्न सकिने उल्लेख छ । यसरी उपभोक्ता समितिले सम्झौताबाट लिएको निर्माण कार्य पुनः सवलेटमा ठेकेदारबाट गराउन सकिने छैन भनी उल्लेख छ । निकायले सडक ग्राभेल, कालोपत्रे गर्ने लगायतका ग्रामीण सडकका सवैजसो योजनाहरु उपभोक्ता समिति मार्फत गराउन सम्झौता गरेकोमा ती समितिहरुले आ आफुले जिम्मा लिएका निर्माणका कार्यहरु पुनः निर्माण व्यवसायीसँग सम्झौता गरी मू.अ.कर विजक जारी गरी निर्माण कार्य गराइ मु.अ. कर रकम थप गरी भुक्तानी लिएको अवस्था छ । एक्जाभेटर, ब्रेकर जस्ता सामानको प्रयोग गरी निर्माण व्यवसायीबाट सम्पन्न गराएका समितिहरुले सम्झौता गरेका योजनाका केही उदाहरण निम्न छन ।

| गो.भौ. नं. । मिती | उपभोक्ताको नाम र याजना | सम्झौता रकम | ठेकेदारको नाम। विल न | विल रकम | मु अ कर |
|---|---|---|---|---|---|
| ३३/२०७६/२/१५ | राम व घर-सागरको पसल सम्मको बाटो ग्राभेल उ स | १२०८८५७ | विद्या कष्ट्रक्सन( ६०४३१९६४९) २४ | ९८४९९० | १२८०४८ |
| ३१७/२०७६/३/२५ | हुलाकी सडक देखि खल्ला खेत सम्म वाटो ग्राभेल उ स | ३०४७४५ | ओम वैजनाथ विल्डर्स( ६०६७७६४३७) ४० | ३०४७४५ | ३९६१७ |
| ३३२/२०७६/३/२५ | सोनाफाटा सडक ग्राभेल उ स | २७३९९४५ | ओम वैजनाथ विल्डर्स( ६०६७७६४३७) ४१,४८,८९ | २७३९९४५ | ३५६१९३ |

५२. **रिचार्ज कार्डः** कार्यालयले खर्च गर्दा विल भरपाईसहित लेखा राख्नुपर्नेमा विविध खर्च तथा विभिन्न कार्यक्रम सञ्चालन गर्दा खर्च देखाइएको निम्नबमोजिमको रिचार्ज कार्ड वापतको खर्च रकम के प्रयोजनका लागि कुन-कुन कार्यक्रममा खर्च गरिएको हो सो सम्बन्धी स्वीकृत कार्यक्रम लागत अनुमानवेगर प्रयोजन नै नखुलाई पटके खर्च भएको छ । नगरपालिकाका ९ वटा वडा कार्यालय टाढा रहेको र सञ्चार सुविधा नभएको हुँदा वडा कार्यालयमा र कार्यालयको काममा सञ्चारवापतको रकम

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | भुक्तानी गरिएको कार्यालयले छलफलमा जनाएको छ । नगरपालिकाले प्रशासनिक खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |

| गो.भौ.नं./मिति | विल /रकम |
|---|---|
| ८८/२०७५/६/२३ | ९००० |
| १९०/२०७५/७/१८ | ५००० |
| २८२/२०७५/९/५ | ५९०० |
| ४४६/२०७५/११/७ | १५७०० |
| ४९६/२०७५/११/१७ | ५००० |
| ५६५/२०७५/१२/४ | ६००० |
| ६१७/२०७६/२/१२ | ४२१० |
| ६३०/२०७६/२/१३ | २७५० |
| ६७७/२०७६/२/२७ | ६२५० |
| ७०१/२०७६/३/५ | १००० |
| ७७१/२०७६/३/१७ | ३००० |
| जम्मा | ६३८१० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५३. | **ढिलो पेश्की फछ्र्यौटः** आर्थिक कार्यविधि २०७४ को नियम ७४ (३० मा पेश्की दिइएको रकम म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले निम्न कर्मचारीहरुलाई कार्यक्रम पेश्की वापतको आ व २०७३।७४ को पेश्की रकम यस आ व मा विल भरपाई राखि पेश्की फछ्र्यौट गरेको देखियो । यसरी समयमै पेश्की फछ्र्यौट नगर्ने कर्मचारीलाई कारवाही गरी उक्त रकममा १० प्रतिशत जरिवाना थप गरी असुल दाखिला हुनुपर्ने रु | ११७७०० |

| गो.भौ.नं. मिती | पेश्की लिने | पेश्की फछ्र्यौट रकम रु | जरिवाना रकम रु | जम्मा रकम रु |
|---|---|---|---|---|
| २१२/२०७५/८/३ | ना सु अम्वादत्त जोशी | १०००० | १००० | ११००० |
| २१३/२०७५/८/३ | ना सु अम्वादत्त जोशी | ५७००० | ५७०० | ६२७०० |
| २१४/२०७५/८/३ | सहायक जया प्रसाद ढुङ्गाना | ४०००० | ४००० | ४४००० |
| जम्मा | | | | ११७७०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५४. | **वैठक भत्ताः** कार्यालयले गठन गरेका विषयगत समितीहरुले विभिन्न समयमा वसेको वैठक भत्ता लिएको देखियो । कार्यसंञ्चालन निर्देशिका २०७५ को दफा ७.१.१ मा वैठक भत्ताको मापदण्ड सन्दर्भमा एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र वस्ने वैठकमा भत्ता प्रदान नगर्ने व्यवस्था छ । निर्देशिकाको परिपालना नगरी निम्न वैठक भत्ता वापतको रकम भुक्तानी गरेका छ । निर्देशिकाको मापदण्ड पालना गरिनुपर्दछ । | |

| गो भौ. नं. । मिती | वैठक समिती | भत्ता रकम रु | कर कट्टी रु | खुद भत्ता रकम रु |
|---|---|---|---|---|
| ७३/२०७५/६/१७ | विभिन्न विषयगत | ६९६०१७ | १०४४०३ | ५९१६१४ |
| १६०/२०७५/६/२८ | नगर शिक्षा | ५७००० | ८५५० | ४८४५० |
| १९४/२०७५/७/१८ | राजश्व परामर्श | ३७५०० | ५६२५ | ३१८७५ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ३४४/२०७५/९/३० | मूल्यांकन समिती | ६१५०० | ९२२५ | ५२२७५ |
| ३४५/२०७५/९/३० | खरिद इकाई | ४८००० | ७२०० | ४०८०० |
| ४९३/२०७५/११/१७ | खरिद इकाई | १७७००० | २६५५० | १५०४५० |
| ४९४/२०७५/११/१७ | मूल्यांकन समिती | १३६५०० | २०४७५ | ११६०२५ |
| ५७९/२०७५/१२/५ | मूल्यांकन समिती | १२६०० | १८९० | १०७१० |
| ५८०/२०७५/१२/५ | खरिद इकाई | १५३००० | २२९५० | १३००५० |
| ७९५/२०७६/३/२३ | नगर शिक्षा | २५२००० | ३७८०० | २१४२०० |
| ८३०/२०७६/३/२३ | राजश्व परामर्श | ८४००० | १२६०० | ७१४०० |
| **जम्मा** | | | | **१४५७८४९.४५** |

कार्यालय समयभन्दा अघिपछि र विदाको समयमा अफिसको टेण्डर, विभिन्न बैठक भत्तावापतको रकम बैठकको संलग्न निर्णयअनुसार भुक्तानी गरिएको भन्ने कार्यालयको भनाई रहेको छ ।

५५. **नगद दाखिला गरि पेश्की फछ्र्यौट**

कार्यालयको कामको सिलसिलामा कर्मचारी तथा पदाधिकारीले लिएको पेश्की तोकिएको समयमा कार्यक्रम कार्यान्वयन गरी नियमानुसार फर्छ्यौट गर्नुपर्नेमा निम्न कर्मचारीहरुले लिएको कार्यक्रम पेश्की महिनौं सरकारी रकम लिएर वर्षान्तमा कार्यक्रम नगरी नगदै दाखिला गरि पेश्की फछ्र्यौट गरेको देखियो । यसरी कार्यक्रम सञ्चालन नै नगरि सोही रकम नगद दाखिला गरि पेश्की फछ्र्यौट गर्ने प्रवृतिमा नियत्रण गर्नुपर्ने देखिएको रु

| **पेश्की लिनेको पद र नाम** | **पेश्की रकम** |
|---|---|
| सि अ हे व किर्ति सिंह वि क कार्यक्रम पेश्की | १००००० |
| सि अ हे व किर्ति सिंह वि क सामाजिक परिक्षण पेश्की | १००००० |
| **जम्मा** | **२०००००** |

बेरुजू रकम: २०००००

५६. **विविध खर्चः**

कार्यालयले खर्च गर्दा विल भरपाईसहित लेखा राख्नुपर्नेमा विविध खर्च तथा विभिन्न कार्यक्रम सञ्चालन गर्दा खर्च देखाइएको निम्नबमोजिमको खाजा/खाना वापतको रकम के प्रयोजनका लागि कुन-कुन कार्यक्रममा खर्च गरिएको सो सम्बन्धी स्वीकृत कार्यक्रम लागत अनुमानवेगर प्रयोजन नै नखुलाई खर्च भएको देखिएकाले नियम संगत नदेखिएको रु.

| **गो.भौ.नं./मिति** | **विल /रकम** |
|---|---|
| १२/२०७५/५/११ | ३१८८५ |
| ३७/२०७५/६/१० | १९१३० |
| ३८/२०७५/६/११ | ५२३२० |
| ४१/२०७५/६/११ | ३३१२५ |
| ११३/२०७५/६/२४ | ४९६७५ |
| १४७/२०७५/६/२८ | ८६५७५ |
| २५२/२०७५/८/१९ | ४०८०० |
| ५१५/२०७५/११/२७ | २९४९५ |
| ६१३/२०७६/२/१२ | ५१६४० |
| ७००/२०७६/३/५ | ३८३२५ |
| ७९६/२०७६/३/२३ | ६१०६० |
| जम्मा | **४९४०३०** |

बेरुजू रकम: ४९४०३०

५७. **अन्य प्रयोजनको खर्चः**

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>स्वीकृत बजेटभित्र तोकिएको खर्च शिर्षकमा मात्र खर्च गर्नुपर्नेमा नगरपालिकाले अन्य कार्यलय वा संस्थाहरुको खर्च रकम भुक्तानी तथा नगद अनुदान समेत प्रदान गरेको छ। अन्य कार्यलय/संस्था लाई भुक्तान गरेको रकम नियम संगत नदेखिएको रु.
<table>
<tr><th>गो भौ. नं. /मिति</th><th>संस्था</th><th>प्रयोजन</th><th>रकम रु</th></tr>
<tr><td>५५४/२०७५/१२/३</td><td>इलाका प्रहरी कार्यलय, भजनी</td><td>गाडी भाडा</td><td>७५०००</td></tr>
<tr><td>७१०/२०७६/३/५</td><td>इलाका प्रहरी कार्यलय, भजनी</td><td>–</td><td>३९८००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>११४८००</td></tr>
</table></td><td>११४८००</td></tr>
<tr><td>५८.</td><td>गाई व्यवस्थापन खर्च: नगरपालिकाले छाडा गाई वस्तु व्यवस्थापनका लागि छाडा गाई वस्तु व्यवस्थापन समितिको निर्णय वमोजिम हेरालु खर्च रकम रु २०७६००। भुक्तानी भएको छ। जुन रकमबाट छाडा चौपाया व्यवस्थापनका लागि खटिने कादारहरुलाई तोकिएको पारिश्रमिक उपलव्ध गराउने गरेको देखियो। छाडा चौपाया विकराल समस्याको रुपमा रहेको यस नगरपालिकामा आगमी दिनमा व्यवस्थित रुपमा स्थायी संयन्त्र विकास गरेर छाडा गाई वस्तु व्यवस्थापनका सम्वन्धमा गाईवस्तु मालिकालाई नै नियन्त्रण गरी पाल्ने व्यवस्थाको निरोधात्मक व्यवस्था लागु गर्न उचित निर्णय लिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५९.</td><td>कृषि अनुदान<br>कृषि तथा पशु अनुदान वितरण कार्यविधि, २०७३ अनुसार विभिन्न संघ संस्था वा निकायलाई उपलब्ध गराएको अनुदान तोकिएबमोजिमको कार्यमा उपयोग भए नभएको, पूर्ण निर्धारित उपलब्धी हासिल हुन सके नसकेको, खर्चको पारदर्शिता रहे नरहेको सम्बन्धमा खर्च लेख्ने सार्वजनिक निकायले अनुगमन गरी प्रतिवेदन लिनुपर्ने व्यवस्था छ।
<table>
<tr><th>गो भौ. नं. । मिती</th><th>संस्थाको नाम</th><th>कार्यक्रम</th><th>रकम रु</th></tr>
<tr><td>२२७/२०७६/३/२२</td><td>एकता कृषक समुह</td><td>धानकल्व कार्यक्रम अर्न्तगत सानासिंचाई, कृषियन्त्र विऊ विजन खरिद</td><td>२००००००</td></tr>
<tr><td>१९१/२०७६/३/१९</td><td>पूर्णिमा वंगुर पालक कृषक समुह</td><td>कष्टम हेयरिङ सेन्टर स्थापना सामाग्री खरिद</td><td>८०००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२८०००००</td></tr>
</table>
उपरोक्त अनुसार सम्झौताका शर्तनामा अनुसार समान खरिद जडान उपयोग भए नभएको , समुहमा उक्त सामानको प्रयोगबाट कृषि प्रविधीमा देखिएको सहजता , उत्पादकत्वमा पारेको प्रभाव जस्ता पक्षमा अनुगमन मूल्यांकन गरी अनुदान रकमको सदुपयोग गरे नगरेको एकिन आधार पेश नभएकाले वितरित अनुदानको उपयोग सुनिश्चित नदेखिएको।</td><td></td></tr>
<tr><td>६०.</td><td>विद्यालय अनुदान विद्यालयलाई उपलब्ध गराएको अनुदान तोकिएबमोजिमको कार्यमा उपयोग भए नभएको, पूर्ण निर्धारित उपलब्धी हासिल हुन सके नसकेको, खर्चको पारदर्शिता रहे नरहेको सम्बन्धमा खर्च लेख्ने निकायले अनुगमन गरी प्रतिवेदन लिनुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले निम्नानुसारका विद्यालयहरुलाई दिएको अनुदान रकमको अनुगमन गरी प्रतिवेदन लिनेतर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ।
<table>
<tr><th>गो भौ. नं. । मिती</th><th>विद्यालयको नाम</th><th>निकासा रकम</th></tr>
<tr><td rowspan="4">५०/२०७६/२/२४</td><td>कनरा आ वि कुडी</td><td>४२००००</td></tr>
<tr><td>केदारेश्वर आ वि चकुलीया</td><td>४२००००</td></tr>
<tr><td>गणेशमान आ मा वि चरी</td><td>४२००००</td></tr>
<tr><td>त्रिपुरा सुन्दरी आ मा वि कृष्णनगर</td><td>४२००००</td></tr>
</table></td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | १६१/२०७६/३/१७ — ब्रम्ह्कुमारी इशवरीय विश्व विद्यालय एवं राजयोग केन्द्र — ६००००० <br> जम्मा — २२८०००० | |
| | **प्रदेश सरकार समानीकरण तर्फ** | |
| ६१. | घसी मनहेरा देखि मन्त्री फाटा सम्मको वाटो निर्माण उपभोक्ता समितीलाई संम्झौतामा उल्लेख गरे अनुरुप ९ लाख अनुदान खर्च लेख्दा स्वीकृत लगत इष्टिमेटमा प्रति ह्युम पाईप स्वीकृत दर १६४७२.०१ रहेकोमा उपभोक्ताको विलमा प्रति ह्युम पाइप रु ३९२८१.८६ का दरले विलिङ भएकोले स्वीकृत दररेट भन्दा प्रति पिस २२८०९.८५ का दरले ६ पिस को वढी भुक्तानी भएको रु १३६८५९.१० असुल हुनुपर्ने रु. | १३६८५९.१ |
| ६२. | काडां गाउ भित्र वाटो निर्माण उपभोक्ता समिती सँग रु १० लाख को सम्झौता गरी निर्माण कार्य गराएकोमा स्वीकृत ल इ मा gravel roling work on loose gravel को items समावेश नभएकोमा रिभाइज ल इ स्वीकृत नगरी ठेक्का विलमा ५०० क्यू फि को प्रति क्यु फि ६१.२८ का दरले विल पेश गरी रु ३०६४०। अतिरीक्त भुक्तानी भएको देखियो ।लगत इष्टिमेटमा समावेश नै नभएका आइटम मूल्यांकन गरी रिभाइज लगत इष्टिमेट वेगर भुक्तानी सिफारिस भएको उक्त रकम असुल हुनुपर्ने रु | ३०६४० |
| ६३. | लौकाह भौकाह ताल जाने बाटो कल्भर्ट निर्माण उपभोक्ता समिती सँग भएको सम्झौता अनुसार रु ८ लाख भुक्तानी हुदां soil filling work (items no 10 )को कार्य नापी किताबमा measurment नगरी उपभोक्ताको विल रकममा ७०.७० क्यु मि प्रति रु २८२.८८ का दरले रु २०००२.८८ नापी किताबमा मूल्यांकन नगरी समितीलाई थप भुक्तानी भएको रु २०००२।४४ असुल हुनुपर्ने रु | २०००२.४४ |
| ६४. | **अध्ययन विदा:** सार्वजनिक सेवा तथा क्षमता विकास कार्यक्रम बाट कार्यालयका सहायक पाचौं तहमा कार्यरत श्री पूर्ण प्र जोशीलाई २०७५-२०७७ शैक्षिक सत्रमा कानुनमा स्नातकोत्तर तहमा छात्रवृतिमा तलवी विदासहित अध्ययन विदा स्वीकृत गरी २०७६।१।१ देखि २ वर्षको लागि काठमाण्डौ स्कूल अफ ल सूर्यविनायकमा छात्रवृतिमा पठाई रु ३ लाख अध्ययन पेश्की दिएको देखियो । निज कर्मचारी सँग गरेको करार सम्झौताका वुदा च देखि ञ सम्मका सम्पूर्ण सुविधा सहित अध्ययन विदा दिने उल्लेख छ। यसरी अध्ययन विदा स्वीकृत गर्ने व्यवस्था स्थानीय तहमा कार्यरत कर्मचारीको हकमा निजामती सेवा ऐन ,नियम आकर्षित हुने देखिदा अध्ययन विदा स्वीकृत वेगर पेश्की दिई पठाइएको प्रकृया अनियमीत देखिएको रु | ३००००० |
| ६५. | **सम्झौताभन्दा बढी कार्य**: भरुवा देखि दक्षिण परवा सडक निर्माण समिती सँग स्वीकृत ल ई रु ९८५१०१। अनुसार नगरपालिका बाट रु ८७३०००। अनुदान व्यहोर्ने गरी सम्झौता भएकोमा समितीले निर्माण कार्यको विल पेश गर्दा rolling work on surface of loose gravels को कार्य परिमाण भन्दा loose gravel work on surface of road by 1 level को परिमाण २५० क्यु मि स्वीकृत ल इ भन्दा वढी खर्च भएको देखाई प्रति क्यु मि रु १७२५.७५ का दरले हुने रकम ४३१४३७। वढी भुक्तानी भएको देखिएकोले उपभोक्तालाई संम्झौताका शर्त भन्दा वढी कार्य देखाई दिएको भुक्तानी असुल हुनुपर्ने रु | ४३१४३७ |
| ६६. | **फरक परिमाणको भुक्तानी :** जनकपुर कालिका मन्दिर देखि गोडाचौरा ग्राभेल उ समिती सँग निर्माण कार्यको सम्झौता अनुसार रु २० लाख अनुदान उपलब्ध गराउने गरी निर्माण कार्यको जिम्मा दिएकोमा उल्लेख भएको सम्पादित कार्य मध्ये graveling rolling work ठेक्का विलमा ११२८ $cm^2$ मापन गरिएको छ । भने नापी किताबमा ६०.२८$cm^2$ मात्र मापन गरेको देखिन्छ । loose gravel विच्छाउने र उक्त विच्छाएको ग्राभेल rolling गर्ने परिमाण बरावर नै हुनुपर्नेमा loose gravel हालेको भनि नापी किताव र विलमा फरक पारेर मूल्यांकन भएको परिमाण(११२८$cm^2$ -६१.२८) १०६६.७२$cm^2$प्रति $cm^2$१५१७.४० का दरले हुने रु १६१८६४०.९२ असुल हुनुपर्ने रु | १६१८६४०.९२ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६७. | **प्रमाणवेगर भुक्तानीः** सुखड भजनी पिच रोडको ट्रान्सफर्मर देखि आसारामको घर हुदै झो पु सम्मको माटो पटानी कार्य उपभोक्ता समिती मार्फत सम्पन्न गर्ने गरी रु १७०००००। अनुदान उपलब्ध गराएको छ । उक्त माटो पटानी कार्यको उपभोक्ताको विल रु ५०७५४७६। मूल्यांकन भई पेश भएकोमा नगरपालिका अनुदान १७ लाख भुक्तानी भएपछि वाकीं रहेको रु ३३७५४७६। मध्ये उपभोक्ताको श्रमदान वापत रु ५१६४७६। कट्टी गरेको उल्लेखित गरिएको छ । त्यस पछिको वाकी हुन आउने रु २८५९०००। कून श्रोतबाट खर्च भुक्तानी भएको हो सम्झौता लगाएतका कागजातबाट नखुल्ने, सो कार्यको अनुगमन प्रतिवेदन सम्वन्धित वडाको कार्यसम्पन्न भएको सिफारिस , उपभोक्ताको भेलामा खर्चको श्रोतगत सार्वजनिकरण लगायतका सार्वजनिक खरिद नियमावलीको नियम ९७ अनुसारका कागजात वेगर भुक्तानी भएको देखिएको रु. | १७००००० |
| ६८. | **विरुवा रोपणः** ठेकी देखि-पथरैया सम्म हुलाकी रोडको किनारामा १६० विरुवा रोपणका लागि फारवेस्ट एग्रिकल्चर सोलुसन एण्ड ट्रेडिङ कं (पान६०४३३१२६५) सँग रु ४ लाखमा सम्झौता भई कार्य प्रारम्भ गरेकोमा विल अनुसार १५० विरुवा मात्र रोपण गरेकोले प्रति विरुवा २५०० का दरले १० विरुवाको २५००० तथा उक्त कम्पनीले मु अ कर मा दर्ता भएकोमा विल जारी नगरेको हकमासमेत १.५% ले हुने कर रु ६००० मात्र कट्टी गरेको देखिदा आयकर ऐनको दफा ८७ अनुसार विजक जारी नगरेको हकमा १५% अन्तिम कर लाग्ने देखिएकोले नपुग कर रु ५४०००। समेत रु ७९००० कम्पनी बाट असुल हुनुपर्ने रु | ७९००० |
| ६९. | **कर कट्टिः** आयकर ऐन २०५८ को दफा ८७ अनुसार स्थायी लेखा नं. दर्ता नभएका संस्था वा निकायले विजक वेगर कारोवार गरेमा उक्त कारोवारमा अन्तिम कर १५% लाग्ने उल्लेख छ । सामाजीक रुपान्तरणका लागी यूवा नेपाललाई छाउपडि गोठ प्रथा वारे जनचेतना जागरण कार्यका लागि रु ५००००। तथा लोकसेवा तयारी कक्षा संञ्चालनको लागि रु १०००००। समेत १५००००। भुक्तानी भएकोमा निज संस्थाले पान विल जारी गरेको नदेखिएकोले ऐनको व्यवस्था अनुसार लाग्ने १५%कर कट्टी नगरी भुक्तानी भएको हुँदा कर रकम असुल हुनुपर्ने रु | २२५०० |
| ७०. | **भवन निर्माण** : भजनी नगरपालिकको भवन निर्माण कार्यको ल इ रु ११३८२७७३०।५० स्वीकृत भई मिती २०७५।३।२५ मा वोलपत्र सूचना आह्वान गरी नियमानुसार र्मिाण व्यवसायी श्री नागार्जुन मिलिनियम जे भी सँग रु ५७०२२५८९।१५ मा १८ महिने भित्र सम्पन्न गरी २०७५।१२।६ मा कार्य आदेश दिएको छ । कूल लागत अनुमानको २०.५० % घटी कवोल गरी ठेक्का स्वीकृत भएकोमा भौ. नं. १८८ मिती २०७५।१२। ६ मा मोविलाइजेशन पेश्की रु ५७०२२५८। तथा भौ. नं. २२९।२०७६।३।२२ मा पुनः पेश्की रु ३६३०८१३।३१ समेत रु ९३३३०७१।३१ भुक्तानी भएको छ । यस आर्थिक वर्षमा प्रथम रनिङ विलबाट रु २२२०७५६३।०२ भुक्तानी भएको छ । उक्त विल civil work तर्फको रहेको देखिन्छ । निर्माण व्यवसायीले पेश गरेको स्वीकृत कार्य तालिका अनुसारको निर्माण कार्यमा प्रगती हुन नसकेको स्थिति छ । यसले भवनको लागत वृद्धि हुने, भेरिएसन तथा मूल्य समायोजनको थप दायित्व सृजना हुनसक्ने अवस्थासमेतलाई ध्यानमा राखी निर्माण कार्य तोकिएको कार्यतालिका अनुरुप सञ्चालन गर्न आवश्यक निर्देशन हुनुपर्दछ । | |
| ७१. | **शिक्षा सशर्तः**<br>विद्यार्थीको यथार्थ तथ्यांक प्रवाह गर्ने उद्देश्यका साथ Education Management Information System (EMIS) निर्माण भई सञ्चालनमा रहेको छ । सोही EMIS को तथ्यांकका आधारमा नगरपालिकाले पाठ्यपुस्तक, छात्रवृत्ति, बुक कर्नर लगायतका विभिन्न अनुदानहरु निकासा गर्ने गरेको छ । तर निकासा गर्दा आधार लिएको तथ्यांक र पाठ्यपुस्तक वितरण, छात्रवृत्ति वितरणलगायतको भरपाईका विचमा तालमेल भएको पाइएन । EMIS जेष्ठ ७ गते र चैत्र २३ गते अनिवार्य रुपमा Update गर्नुपर्ने तथा अन्य जुनसुकै समयमा आवश्यकता अनुसार Update गर्न सकिने व्यवस्था भएअनुसार EMIS लाई Update गरी तथ्यांकलाई यथार्यपरक बनाउन नगरपालिकाले ध्यान पुऱ्याउनुपर्दछ । | |
| ७२. | **सामाजिक सुरक्षा कार्यक्रमः** | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ बमोजिम प्रत्येक स्थानीय तहले मन्त्रालयको स्वीकृति बिना कुनैपनि प्रकारका सामाजिक सुरक्षा भत्ता नगद वितरण गर्न नपाइने र प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सबै लक्षित वर्ग तथा समूहको तथ्याङ्क केन्द्रीय पञ्जिकरण विभागको MIS systemमा Online प्रविष्टी गरी अद्यावधिक गरेको तथ्याङ्कको आधारमा नजिकको बैंकको शाखाबाट खाता सञ्चालन गरी वितरण गर्नुपर्ने व्यवस्था छ । <br> नगरपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण अद्यावधिक गरेको देखिएन भने तीन वटै चौमासिकको सामाजिक सुरक्षा भत्ता रकम रु९२९९१४००।- नगदमा बुझाएको देखियो । उल्लेखित अवस्थामा सामाजिक सुरक्षा भत्ता बितरणमा दुरुपयोग हुन सक्ने देखिएकोले व्यबस्थापन पक्षले लाभग्राहीहरुको मुल अभिलेख अद्यावधिक, सो को नविकरण, लगत कट्टा, बितरण प्रणाली र बैंक खाता सञ्चालन लगायत तोकिएका अन्य कार्यहरुलाई बिश्वसनीय र भरपर्दो बनाउनुपर्ने देखिन्छ । बैंकमा खाता खोली बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्दछ । | |
| ७३. | **पेश्की :** <br> आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । कार्यालयले कृषि, शिक्षा, पशु र स्वास्थ्य लगायतका क्षेत्रका कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको बखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्नुँपर्नेमा निवेदनका आधारमा पेश्की लिने, लिएको पेश्की फछ्र्यौट नगरी पुनः पेश्की दिने आर्थिक वर्षको अन्त्यसम्म कार्यक्रम नगरी पेश्की रहिरहने अवस्था देखिन्छ । <br> पेश्की दिएको रकम म्यादभित्र फर्छ्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य तोकिएकोमा कार्यालयले देहाय अनुसारका कार्यक्रम पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फर्छ्यौट नभई बाँकी देखिएकाले समयमा फर्छ्यौट गर्नु गराउनु पर्ने देखिएको रु. | ३३३११७२० |

| सि.नं. | पेश्की लिनेको नाम | पेश्की रकम | कैफियत |
|---|---|---|---|
| १. | खरिदार श्री विनय चौधरी | ९५७६८०० | सामाजिक सुरक्षा |
| २. | कानूनी स.श्री हरिराम श्रीपाइली | १५०००० | |
| ३. | क.अ.श्री खिम बहादुर पनाडी | ८०००० | |
| ४. | भजनी प्राथमिक स्वास्थ्य केन्द्र | ९००००० | न.पा. पूँजीगत |
| ५. | महुन्याल मा.वि. भजनी | १०००००० | " " |
| ६. | कालिका आ.वि. झल्झलिया | १००००० | " " |
| ७. | रा.मा.वि. खैलाड | १५०००० | " " |
| ८. | महुन्याल बहुमुखि क्याम्पस भजनी | ९५०००० | " " |
| ९. | नागार्जुन मिलिनियम जे.भी. | २०७१४१२ | " " |
| १०. | ना.सु. श्री पूर्ण प्रसाद जोशी | १४८०५० | आन्तरिक पूँजीगत |
| ११. | थापापुर स्वास्थ्य चौकी | १५५८०० | " " |
| १२. | खैलाड स्वास्थ्य चौकी | १५५८०० | " " |
| १३. | शहरी स्वास्थ्य केन्द्र चर्रा | १५५८०० | " " |
| १४. | श्री लालबोझी स्वास्थ्य चौकी | १५५८०० | " " |
| १५. | नागार्जुन मिलिनियम जे.भी. | ५७०२२५८ | " " |
| १६. | महुन्याल मा.वि. भजनी | ४९०६८७.८० | सशर्त अनुदान |
| १७. | महुन्याल मा.वि. भजनी | ७१८७७९.८० | " " |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| १८. | महुन्याल मा.वि. भजनी | ७३५८१३१ | " " |
| १९. | महुन्याल मा.वि. भजनी | ५६१२८२.४० | " " |
| २०. | महुन्याल मा.वि. भजनी | ९२१११९ | " " |
| २१. | भजनी प्राथमिक स्वास्थ्य केन्द्र | ७००००० | " " |
| २२. | ठेगरपुर तटबन्धन नि.उ.स. भजनी | ११००००० | " " |
| २३. | ना.प.स्वा.प्रा.का श्री त्रिलोनाथ चौधरी | १०००० | " " |
| | जम्मा | ३३३११७२० | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गरिसक्नुपर्ने व्यबस्था भएता पनि देहायबमोजिम आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु फछ्र्यौट गरेको प्रमाण पेश नभएकोले नियमानुसार बेरुजु कायम भएको छ।** | |
| ७४. | **सशर्त अनुदान खेलकुद विकास कार्यक्रम** (गो.भौ.नं.२, २०७६।३,६) स्रोतव्यक्ति राजकिशोर लाल कर्णलाई राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको खर्च रकम भुक्तानी गर्दा अग्रिम आयकर वापत रु.८४६ दाखिला गर्नुपर्नेमा रु.७०७ दाखिला गरेको देखिएकाले रु.१३९।- असुल गरी दाखिला गर्नुपर्ने रु. | १३९ |
| ७५. | **सामाजिक विकास मन्त्रालय (गो.भौ.नं.**७, २०७६/३/१६) भजनी प्राथमिक स्वास्थ्य केन्द्रलाई रु.५०००००।- अनुदान दिएकोमा कार्यसम्पन्न प्रतिवेदन, विल भरपाई पेश नभएकाले नियमित गर्नुपर्ने रु. | ५००००० |
| ७६. | **ए.जि.स्वा.कार्यक्रम गो.भौ.नं.**७, २०७६/३/१६, खैलाड स्वास्थ्य चौकी स्वयमसेविका समिक्षा कार्यक्रममा खाजा खुवाएवापत अवधेश कुमार महतोको हस्ताक्ष्र नभएको भरपाई संलग्न राखी बिल वेगर भुक्तानी दिएको रु. | ७८०० |
| ७७. | **न.पा. अनुदान पूँजीगत (गो.भौ.नं.**७, २०७६/३/१६) क) स.म.वि.नि. कमला कुमारी खड्काले कार्यक्रम संचालन गरी सहजकर्ता जना २ लाई खाना वापत भरपाई गराई रु.२००० एकमुष्ट उपलब्ध गरेकोमा पारिश्रमिक कर कट्टी नभएको राजस्व दाखिला गर्नुपर्ने<br>ख)४५ जना सहभागीहरुलाई यातायात खर्च वापत २ दिनको रु.१००० का दरले रु.४५००० एकमुष्ठ उपलब्ध गरेको। | ३०० |
| | **आन्तरिक पूँजीगततर्फ** | |
| ७८. | **गो.भौ.नं.**२४६, २०७६/३/२३<br>(क)सार्वजनिक निर्माण खर्च शिर्षक ९२९६११० बाट लोक सेवा तयारी कक्षा संचालन भएको (ख) संचालक( सामाजिक रुपान्तरणका लागि युवा नेपाललाई भुक्तानीमा सहजीकरण भत्ता वापत नृप बुढालाई २५०० उपलब्ध गराएको पारिश्रमिक कर कट्टी नभएको रु. ३७५ असुल गरि राजस्व खातामा दाखिला गर्नुपर्ने (ग) वडा नं. ७ का पदाधिकारीहरु ६ जनालाई १५०० का दरले ९००० भुक्तानी दिएकोमा पारिश्रमिक कर कट्टी नभएको रु. १३५० असुल गरि राजस्व खातामा दाखिला गर्नुपर्ने (घ) गोविन्द चौधरीलाई कक्षा संचालनमा सहयोग गरेवापत रु २५०० भुक्तानी दिएकोमा पारिश्रमिक कर कट्टी नभएको रु. ३७५ असुल गरि राजस्व खातामा दाखिला गर्नुपर्ने रु. | २१०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७९. | **गो.भौ.नं.**२४७, २०७६/३/२३<br><br>(क)सार्वजनिक निर्माण खर्च शिर्षक ९२९६११० बाट लोक सेवा तयारी कक्षा संचालन भएको (ख) संचालक( सामाजिक रुपान्तरणका लागि युवा नेपाललाई भुक्तानीमा सहजीकरण भत्ता वापत नृप बुढालाई २५०० उपलब्ध गराएको पारिश्रमिक कर कट्टी नभएको रु. ३७५ असुल गरि राजस्व खातामा दाखिला गर्नुपर्ने<br><br>(ग) विमल चौधरीलाई कक्षा संचालनमा सहयोग गरेवापत रु १३७५ भुक्तानी दिएकोमा पारिश्रमिक कर कट्टी नभएको रु. २०६ असुल गरि राजस्व खातामा दाखिला गर्नुपर्ने | ५८१ |
| ८०. | **गो.भौ.नं.**२७०, २०७६/३/२५<br><br>सिलाईकटाई तालिम वापत युथ फ्यासिलिटि म्यानेजमेण्ट प्रा.लि. को भुक्तानीमा प्रशिक्षक भत्ता रु. ७०००० भुक्तानी गर्दा १५ प्रतिशत पारिश्रमिक कर कट्टा गर्नुपर्नेमा १ प्रतिशत कर रु ७०० मात्र कट्टा गरेको देखिएकोले कर कट्टा नभएको रकम रु ९८०० असुल गरि राजस्व दाखिला गर्नुपर्ने | ९८०० |
| ८१. | **गो.भौ.नं.**२७१, २०७६/३/२५ युथ फ्यासिलिटि म्यानेजमेण्ट प्रा.लि. को भुक्तानीमा प्रशिक्षक भत्ता रु. ४५५०० भुक्तानी गर्दा १५ प्रतिशत पारिश्रमिक कर कट्टा गर्नुपर्नेमा १ प्रतिशत कर रु ४५५ मात्र कट्टा गरेको देखिएकोले कर कट्टा नभएको रकम रु ६३७० असुल गरि राजस्व दाखिला गर्नुपर्ने | ६३७० |
| ८२. | **गो.भौ.नं.**२७२, २०७६/३/२५ सिलाईकटाई तालिम वापत गरिब उत्थान समाज को भुक्तानीमा प्रशिक्षक भत्ता रु. ४२००० भुक्तानी गर्दा १५ प्रतिशत पारिश्रमिक कर कट्टा गर्नुपर्नेमा १ प्रतिशत कर रु ४२० मात्र कट्टा गरेको देखिएकोले कर कट्टा नभएको रकम रु.५८८० असुल गरि राजस्व दाखिला गर्नुपर्ने | ५८८० |
| ८३. | **गो.भौ.नं.**२९५, २०७६/३/२५ दरभाउपत्र बेगर सोझै चन्द्रदीप सप्लायर्स टिकापुरलाइ डस्टविन खरिद वापत रु.३४२०००।- भुक्तानी दिएकोमा कार्यसम्पन्न प्रतिवेदन पेश नभएकाले नियमित गर्नुपर्ने रु. | ३४२००० |
| ८४. | **गो.भौ.नं.**२९६, २०७६/३/२५ दरभाउपत्र बेगर सोझै OFFICE FURNISHING HOME TIKAPUR लाई फनिएचर खरिद वापत रु.४५०४९९।- भुक्तानी दिएकोमा कार्यसम्पन्न प्रतिवेदन पेश नभएकाले नियमित गर्नुपर्ने रु. | ४५०४९९ |
| ८५. | **गो.भौ.नं.**३४६, २०७६/३/२५ सद्भावना कृषक समूहले विउ खरिदवापत एस. बि. ट्रेडिङ सप्लायर्सलाई भुक्तानी दिएकोमा विउ वितरण गरेको भरपाइ नभएको रु. | ११४६०० |
| ८६. | **वित्तिय समानीकरण चालुतर्फ**<br><br>गो.भौ.नं.७४२, २०७६।०३।१० महन्याल मा.वि.भजनीका लेखापाल धर्मराज न्यौपानेलाई भत्ता रु. १२००० भुक्तानी गर्दा १५ प्रतिशत पारिश्रमिक कर कट्टा गर्नुपर्नेमा १ प्रतिशत कर रु १८० मात्र कट्टा गरेको देखिएकोले नपुग रकम रु.१६२० असुल गरि राजस्व दाखिला गर्नुपर्ने रु. | १६२० |
| ८७. | **राष्ट्रपति चुरे तराई मधेश सरंक्षण विकासतर्फ** (गो.भौ.नं. ४,२०७६।०३।२२ ) अम्बारी तटबन्ध निर्माण उपभोक्ता समितिलाई भुक्तानी गर्दा बहाल कर रु. २०१२७।५० कट्टा गरि भुक्तानी गर्नुपर्नेमा बहाल कर कट्टी नभएको रकम असुल गरि राजस्व दाखिला गर्नुपर्ने रु. | २०१२७ |
| ८८. | **वित्तिय समानीकरण** प्रदेश सरकारतर्फ (गो.भौ.नं.१७,२०७६।०३।२५) अनुगमन तथा कार्यसम्पन्न प्रतिवेदन | २००००० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | वेगर प्रेमलोक स्कील एण्ड इन्भेष्ट कम्पनी प्रा.लि. लाई बृक्षारोपण वापत रु.२००००० भुक्तानी दिएकोमा नियमित गर्नुपर्ने रु. | |
| ८९. | **गा.भौ.नं. १८ २०७६।०३।२५** वडा सदस्य श्री ताल बहादुर चौधरीलाई कनरा नदीमा पक्की पुल निर्माण सम्वन्धि कार्यका लागि पटक-पटक काठमाण्डौ गएको भनि गाडी भाडा वापत रु ६०००० भुक्तानी दिएकोमा कनरा नदीमा पक्की पुल निर्माण सम्वन्धि कार्यका लागि काठमाण्डौ गई के के कार्य गरिएको हो विस्तृत भ्रमण प्रतिवेदन पेश गर्न लगाई नियमित गर्नुपर्ने रु. | ६०००० |
| ९०. | **राजस्व बाँडफाँड प्रदेश सरकारतर्फ** (गा.भौ.नं. १९,२०७६।०३।२५) बहादुरपुरका भगतहरुका लगि बाजा खरिद गरेवापत वडा सचिव प्रेम बहादुर चौधरीलाई रु.५०००० भुक्तानी दिएकोमा दाखिला प्रतिवेदन र हस्तान्तरण फाराम नभएको नियमित गर्नुपर्ने रु. | ५०००० |

**भजनी नगरपालिकाको संचित कोष विवरण** **अनुसूची १**

**२०७५।७६**

**(रु.हजारमा)**

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूजींगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | भजनी नगरपालिका | कैलाली | १२९३८७ | १४८४९१ | २६९००८ | २२८८८८ | ६४६३८७ | ३९७७२७ | २५५८०४ | ३७६९ | ६५७३०० | ११८४७४ |

**अनुसूची-२**

**बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)**

**२०७५।७६**

**(रु.हजारमा)**

| क्र.सं. | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की | | |
| | | सै. | ल. | रकम | सै. | ल. | रकम | सै. | ल. | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेस्की | अन्य पेस्की | जम्मा |
| १ | भजनी नगरपालिका | ४८ | ४२ | ५७४४९ | ० | ० | ० | ४८ | ४२ | ५७४४९ | ९८५० | ४९७९ | ९३०९ | ० | ० | १४२८८ | ९९६५ | २३३४६ | ३३३११ |

**अनुसूची-३**

**अद्यावधिक बेरुजू स्थिति**

**२०७५।७६**

**(रु.हजारमा)**

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत बर्षसम्मको बाँकी | यो वर्षको फर्छ्यौट | बाँकी | यो वर्ष सं.प.बाट कायम भएको बेरुजू | यो वर्षको बेरुजू | कुल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | भजनी नगरपालिका | कैलाली | ३११०६ | ० | ३११०६ | ० | ५७४४९ | ८८५५५ |